तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल माघ महिनाको २८ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

# तिलोत्तमा नगरपालिका

## कार्यपालिका बैठक सङ्ख्याः ७/२०८२/८३ (१८७) मितिः २०८२/१०/२८ गते ।

<u>बैठकका कार्यसूचीहरूः</u>

१. विभिन्न कार्यविधि स्वीकृति सम्बन्धमा

२. अष्ट्रेलियामा आयोजना हुने लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव लगायतका द्विपक्षीय कार्यक्रममा सहभागिता सम्बन्धमा

३. सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान र छात्रवृत्ति सम्बन्धमा

४. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा

५. म्याद थप सम्बन्धमा

६. अघिल्लो कार्यपालिका बैठकका निर्णय समीक्षा सम्बन्धमा

७. तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ को संसोधन सम्बन्धमा

८. विविध

**निर्णय नं. १**

तिलोत्तमा नगरपालिकाको विधेयक समितिबाट छलफल गरी निर्णयका लागि नगर कार्यपालिका बैठकमा पेस भएका देहाय बमोजिमका कार्यविधि तथा आचारसंहिता स्वीकृत गर्ने ।

१. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन तथा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र परिचालन सम्बन्धी कार्यविधि, २०८२

२. लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०८२

३. सुरक्षित आवास (सेफ हाउस) सञ्चालन कार्यविधि, २०८२

४. कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८२

**निर्णय नं. २**

ग्रेटर बेन्डिगो सिटी, भिक्टोरिया स्टेट, अष्ट्रेलियाको २०२६ जनवरी ५ को पत्र र द ग्रेट स्तुपा अफ युनिभर्सल कम्प्यासन, अष्ट्रेलियाको २०२६ जनवरी १९ को पत्रबाट ग्रेटर बेन्डिगो सिटीस्थित ग्रेट स्तुपामा सन् २०२६ मे ९ देखि १३ सम्म आयोजना हुने लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव एवम् तपसिल अनुसारका द्विपक्षीय कार्यक्रममा सहभागी हुन तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाण र प्रमुख प्रशासकीय अधिकृत श्री खुमलाल भुसालको नाममा निमन्त्रणा प्राप्त भएको हुँदा आयोजक संस्थाले भ्रमण खर्च बेहोर्ने गरी नगर प्रमुख श्री रामकृष्ण खाण र प्रमुख प्रशासकीय अधिकृत श्री खुमलाल भुसाललाई उक्त कार्यक्रममा सहभागी हुन पठाउने र भ्रमणको मनोनयन स्वीकृतिको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं र भिषाका लागि सम्बन्धित निकाय तथा अष्ट्रेलियन दुतावासलाई सिफारिस गर्ने ।

<u>तपसिल</u>

**कार्यक्रमको प्रमुख उद्देश्यः** अष्ट्रेलियासँग पर्यटन र विकाससम्बन्धी अनुभव साटासाट गर्नु र लुम्बिनी क्षेत्रको अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्नु ।

**कार्यक्रमका सहभागीः** The Great Stupa of Universal Compassion, Greater Bendigo City, Victoria State, Australia तथा लुम्बिनी प्रदेश सरकार र बुद्ध सर्किट क्षेत्रका नगरपालिकाहरू ।

**कार्यक्रमका अन्य उद्देश्यहरूः**

- लुम्बिनी, बुद्ध सर्किट क्षेत्र र समग्र नेपालको पर्यटन प्रवर्धन गरी नेपाल र अष्ट्रेलियाको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउनु,
- नेपालका बौद्ध तिर्थस्थलहरूको अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नु,
- भगवान बुद्धका सन्देशलाई विश्वभर फैलाउनु,
- असल अभ्यास र अनुभव साटासाट गर्नु ।

**कार्यक्रम तालिका र विवरण**

**(क.) लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव (मे ९-१०, २०२६)**

- उत्सवमा सहभागिता
- औपचारिक समारोह र सांस्कृतिक कार्यक्रम
- अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनीको प्रचार प्रसार
- बेबी बुद्ध मूर्ति स्थापना स्थल भ्रमण

**(ख.) समन्वय बैठक, अन्तरक्रिया कार्यक्रम र धार्मिक एवम् पर्यटकीय स्थलको भ्रमण र अनुभव आदानप्रदान कार्यक्रम (मे ११-१३, २०२६)**

**१. समन्वय बैठक**

- लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव २०२६ को समिक्षा र आगामी कार्यक्रममा सहकार्य बारे छलफल

**२. अन्तरक्रिया कार्यक्रम**

- सुशासन, असल अभ्यास र संस्थागत सहकार्यमा अनुभव साटासाट
- ग्रेट स्तुपा र लुम्बिनी बुद्ध सर्किटको बारेमा जानकारी र परिचय

**३. भिक्टोरियाका पर्यटकीय, सांस्कृतिक र ऐतिहासिक स्थलहरूको अध्ययन भ्रमण**

- प्रमुख पर्यटन, सांस्कृतिक र सम्पदा स्थलहरूको अवलोकन
- पर्यटन विकास र प्रवर्धन सम्बन्धी ज्ञान र अनुभव साटासाट

**निर्णय नं. ३**

ग्रेटर बेन्डिगो सिटी, भिक्टोरिया स्टेट, अष्ट्रेलियाको २०२६ जनवरी ५ को पत्र र द ग्रेट स्तुपा अफ युनिभर्सल कम्प्यासन, अष्ट्रेलियाको २०२६ जनवरी १९ को पत्रबाट ग्रेटर बेन्डिगो सिटीस्थित ग्रेट स्तुपामा सन् २०२६ मे ९ देखि १३ सम्म आयोजना हुने लुम्बिनी अन्तर्राष्ट्रिय महोत्सव एवम् विभिन्न द्विपक्षीय कार्यक्रममा सहभागी हुन तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाण र प्रमुख प्रशासकीय अधिकृत श्री खुमलाल भुसालको नाममा निमन्त्रणा प्राप्त भएको तर नगर उप प्रमुख श्री जगेश्वर देवी चौधरीको नाममा निमन्त्रणा प्राप्त नभएको हुँदा निजको नाममा समेत निमन्त्रणा प्राप्त हुने गरी नगरपालिकाको तर्फबाट आवश्यक समन्वय र पत्राचार गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ४**

तिलोत्तमा नगरपालिकाको मौजुदा सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गरी लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ५ (२) बमोजिम ४ महिनाभित्र प्रतिवेदन पेस गर्ने कार्यदिश सहित लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम १३ (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी कार्य अगाडि बढाउंन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र समितिको बैठक भत्ता र खाजा खाना खर्च बापतको रकम नगरपालिकाबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ५**

सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंको च.नं. ६७८, मिति २०८२।९।२८ मा प्राप्त पत्रानुसार चालु आ.व. २०८२/८३ मा सडक बोर्ड, नेपालबाट प्राप्त रू. ४० लाख र तिलोत्तमा नगरपालिकाको रू. ४० लाख गरी कुल रू. ८० लाख बजेटबाट कार्यान्वयन गर्ने गरी देहायका योजना छनौट गर्ने ।

(१) निकासी मार्ग (मुक्तिनाथ क्रसर चोक-गङ्गासागर मार्ग खण्ड) मर्मत, सम्भार तथा स्तरोन्नति तिलोत्तमा न.पा. वडा नं. ६
(२) सेमराडाँडा चोकदेखि थारू गाउँ हुँदै शिवमन्दिरसम्मको सडक मर्मत, सम्भार तथा स्तरोन्नति तिलोत्तमा न.पा. वडा नं. ७
(३) कोटीहवा चोकदेखि बभनी जाने सडक मर्मत, सम्भार तथा स्तरोन्नति तिलोत्तमा न.पा. वडा नं. १५

**निर्णय नं. ६**

तिलोत्तमा नगरपालिका क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति वितरण प्रक्रियालाई व्यवस्थित बनाइ शिक्षा नियमावली, २०५९ को नियम १५१ (२) मा व्यवस्था भएको विषय कार्यान्वयनका लागि संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि र सामुदायिक विद्यालयहरूलाई विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या, विद्यालयको मौजुदा भौतिक पूर्वाधारको अवस्था, विद्यालयहरूबिचको दूरी, विद्यार्थीको पहुँच लगायतका आधारमा विद्यालय समायोजन तथा तह मिलान गर्ने प्रयोजनका लागि सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्ने र नगरपालिकाको समग्र शैक्षिक गुणस्तर सुधारको लागि २ महिनाभित्र नगर प्रमुख समक्ष सुझाव सहितको प्रतिवेदन पेस गर्ने कार्यदिश सहित देहाय बमोजिमको कार्यदल गठन गर्ने ।

<u>देहायः</u>

१. संयोजक श्री गंगाराम आचार्य, उपसचिव (शिक्षा)
२. सदस्य श्री गणेश पाठक, संयोजक, आर्थिक विकास समिति

३. सदस्य श्री कृष्ण प्रसाद पौडेल, संयोजक, भौतिक पूर्वाधार विकास समिति
४. सदस्य सुरेन्द्र श्री, संयोजक, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति
५. सदस्य श्री रवी सेन्चुरी, संयोजक, सामाजिक विकास समिति
६. सदस्य श्री राधा शाही ठकुरी, संयोजक, सुशासन तथा संस्थागत विकास समिति
७. सदस्य श्री नारायण ढकाल, सदस्य, शिक्षा समिति
८. सदस्य श्री सावित्रा आचार्य पन्थी, सदस्य, शिक्षा समिति
९. सदस्य सचिव श्री धनी प्रसाद शर्मा, शिक्षा अधिकृत

**निर्णय नं. ७**

विश्व बैंकको अनुदान सहयोगमा निर्माणाधीन मङ्गलापुर-बेबरा सडक आयोजना (ठेक्का नं. NP-DUDBC-273140-CW-RFB) कार्यान्वयनको लागि 8 July, 2022 मा श्री शर्मा सगुन जे.भि. र तिलोत्तमा नगरपालिकाबिच खरिद सम्झौता भएकोमा उक्त परियोजनाको लागि तेस्रो पटक थपिएको खरिद सम्झौताको म्याद २०८२ पौष १६ गते समाप्त भएको । निर्माण व्यवसायीबाट जेन्जी आन्दोलन, निर्माण सामग्रीको अभाव तथा बेमौसमी वर्षाद समेतको कारण जनाई चौथो पटकको लागि प्राप्त म्याद थपको निवेदन उपर डिजाइन तथा सुपरभिजन कन्सल्टयान्टद्वारा गरिएको सिफारिस तथा NUGIP र PCO बाट प्राप्त सहमति समेतका आधारमा अन्तिम पटकको लागि पूर्वाधार विकास शाखाबाट पेस भए बमोजिम खरिद सम्झौताको म्याद २०८२ फागुन १६ गतेसम्म थप गर्ने ।

**निर्णय नं. ८**

विश्व बैंकको अनुदान सहयोगमा निर्माणाधीन बेबरा-कान्छीबजार सडक आयोजना (ठेक्का नं. NP-DUDBC-39527-CW-RFB) कार्यान्वयनको लागि 14 April, 2024 मा श्री आशिष आशिर्बाद जे.भि. र तिलोत्तमा नगरपालिकाबिच खरिद सम्झौता भएकोमा उक्त परियोजनाको लागि दोस्रो पटक थपिएको खरिद सम्झौताको म्याद २०८२ पौष १६ गते समाप्त भएको । निर्माण व्यवसायीबाट निर्माण सामग्रीको अभाव तथा बेमौसमी वर्षाद समेतको कारण जनाई तेश्रो पटकको लागि प्राप्त म्याद थपको निवेदन उपर डिजाइन तथा सुपरभिजन कन्सल्टयान्टद्वारा गरिएको सिफारिस तथा NUGIP र PCO बाट प्राप्त सहमति समेतका आधारमा अन्तिम पटकको लागि पूर्वाधार विकास शाखाबाट पेस भए बमोजिम खरिद सम्झौताको म्याद २०८२ चैत्र १ गतेसम्म थप गर्ने ।

**निर्णय नं. ९**

तिलोत्तमा नगरपालिकाको बजेटबाट उपभोक्ता समिति मार्फत सडकको मर्मत सम्भार तथा स्तरोन्नति सम्बन्धी योजना कार्यान्वयन गर्दा ग्राभेल (मिस्कट) बिच्छ्याउने कामको लागि उपभोक्ता समितिको तर्फबाट हुने लागत साझेदारीको अंश पाँच प्रतिशत कायम गर्ने

**निर्णय नं. १०**

मिति २०८२/९/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. ११**

तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली (प्रथम संशोधन), २०७४ को दफा ५९ को उपदफा (१) मा रहेको व्यवस्थालाई देहाय बमोजिम हुने गरी संशोधन गर्ने ।

<u>**देहायः**</u>

| क्र.सं. | हालको व्यवस्था | संशोधन पछि कायम हुने | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १ | **दफा ५९. छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने**<br>(१) संस्थागत विद्यालयले कूल विद्यार्थी सङ्ख्याको ६ प्रतिशत गरिब, विपन्न, सीमान्तकृत एवं जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । | **दफा ५९. छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने**<br>(१) संस्थागत विद्यालयले कूल विद्यार्थी सङ्ख्याको दश प्रतिशत गरिब, विपन्न, सीमान्तकृत एवं जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । | संस्थागत विद्यालयहरूले माध्यमिक तहसम्मको शिक्षाका लागि विद्यार्थीलाई दिनुपर्ने छात्रवृत्तिको कोटा सङ्ख्या सम्बन्धमा तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावलीले गरेको व्यवस्था सङ्घीय शिक्षा ऐन तथा नियमावलीको व्यवस्थासंग बाझिन गएकोले सङ्घीय कानुन अनुरुप मिलान गर्न । |

**निर्णय नं. १२**

तिलोत्तमा नगरपालिकाकी कार्यपालिका सदस्य श्री साबित्रा आचार्यकी ममतामयी आमा बिष्णु देवी पन्थीको ९१ वर्षको उमेरमा भएको असामयिक निधन प्रति दुखः व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने र समस्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने